**मिति २०७७ असार ३ गते (वि.सं. २०७७०३।३) बुधबारबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ८८ औं बैठकका निर्णयहरु :**

निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिका आर्थिक समितिले पेश गरेको बिभिन्न क्षेत्रगतरुपमा गर्नुपर्ने टेण्डरहरुलाई आर्थिक समितिको निर्णय बमोजिम हुने गरी अघि बढाउने र लकडाउनको अवधिमा घरबहाल कर र व्यवसाय करमा दिने छुट समेतमा आर्थिक समितिले निर्णय गरे बमोजिम स्वीकृत गरी कार्यान्वयन गर्ने सर्बसम्मत निर्णय गरियो । साथै उक्त निर्णयलाई आगामी नगरसभामा अनमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

दाङमा पछिल्लो समयमा कोरोना संक्रमितको संख्या बढदै गएको अवस्थामा तुलसीपुरको कोरोना जोखिमलाई न्यूनिकरण गर्न उच्च प्राथमकिता दिन तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ को मजगैमा चेकपोष्ट बनाई प्रभावकारी चेकजाचका लागि वडा नं. १७ का अध्यक्ष श्री धलराज पुरीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिमा कोरोना भाईरसका कारण क्वारेन्टीनमा भएको खर्च बिपद व्यवस्थापन समितिले साप्ताहिक रुपमा सार्बजनिक गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

कोरोना भाईरसका कारण क्वारेन्टीनमा खटिएका एम्बुलेन्स चालकहरुका लागि निजहरुले गरेको कार्यको मुल्याङ्कन गर्दै नेपाल सरकारले हलुका सवारीचालकका लागि निर्धारण गरेको न्यनूतम मासिक पारिश्रमीक बराबरको प्रोत्साहन भत्ता उपलब्ध गराउने र क्वारेन्टीनमा खटिएका कुकलाई दैनिक रु १०००।,सहायक कुकलाई रु.९००। र हेल्परलाई दैनिक रु ७००। पारिश्रमीक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

तुलसीपुर उपमहानगरपालिकाका बाट सञ्चालित योजना अनुसूचि १ मा र वडा समितिबाट संचालन गर्न शिर्षकान्तर तथा रकमान्तर गरिएका योजनाहरुलाई अनुसूचि २ मा समावेश गरी अनमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत